फोन: ०८२-५२०२००, ५२३०७८
ईमेल : hgao.butwal@ag.gov.np

# उच्च सरकारी वकील कार्यालय

## तुलसीपुर, दाङ

(मुद्दा तथा रिट शाखा)

प.सं. :- ०८१/०८२
च.नं :- २३३४

मिति :२०८२/०२/०८

श्री महान्यायाधिवक्ताको कार्यालय,
रामशाहपथ काठमाण्डौ।

विषय : प्रतिवेदन प्रस्तुत गरिएको सम्बन्धमा।

उपर्युक्त सम्बन्धमा श्री अमर माध्यामिक विद्यालय तुलसीपुर उममहानगरपालिका वडा नं. ११ उरहरी दाङमामिति २०८२/०२/०४ गते समुदायमा सरकारी वकील कार्यक्रम सम्पन्न गरीएको संक्षिप्त प्रतिवेदन पाना २ यसै पत्रसाथ पठाईएको ब्यहोरा सादर अनुरोध गरिन्छ ।

..................
२०८२/०२/०८
निमित्त सह-न्यायाधिवक्ता

# उच्च सरकारी वकील कार्यालय, तुलसीपुर, दाङ

## समुदायमा सरकारी वकील कार्यक्रमको संक्षिप्त प्रतिवेदन

१. कार्यक्रमको नामः - समुदायमा सरकारी वकील कार्यक्रम

२. कार्यक्रम संचालन स्थलः– श्री अमर माध्यामिक विद्यालय तुलसीपुर, ११ उरहरी दाङ ।

३. मितिः - २०८२/०२/०४ गते आइतबार ।

४. कार्यक्रमको अवधिः दिन १

५. सहभागी संख्यः महिलाः- ४७ पुरुषः- ३२ अन्यः- १५

६. कार्यक्रमको उद्देश्यः-

क) सरकारी वकील कार्यालयको संगठनात्मक संरचना र सरकारी वकीलको भुमिका एवं सरकरी वकील कार्यालयहरुबाट सम्पादन हुने काम कारवाही सम्बन्धमा समुदायलाई जानकारी गराउने।

ख) सरकार वादी हुने फौजदारी मुद्दाको अनुसन्धान,अभियोजन र फैसला कार्यान्वयनको प्रकृयाको बारेमा जानकारी गराउने ।

७. सहकार्य भएको निकाय तथा संस्थाः -श्री अमर माध्यामिक विद्यालय तुलसीपुर, ११ उरहरी, दाङ।

८. प्रस्तुत भएका विषय र प्रस्तुतकर्ताः-

कार्यक्रममा सहायक न्यायाधिवक्ता श्री मन्जु बुढाथोकी ज्यूले सरकारी वकील कार्यालयको संगठनात्मक संरचना, सरकारी वकीलको भुमिका र सरकारी वकील कार्यालयबाट सम्पादन हुने काम कारवाहीको सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो।

९. छलफलमा उठेका मुख्य जिज्ञासा तथा विषयहरुः-

क) तुलसा वलीः- बाल बिवाह समाजमा धेरै हुने गरेको छ, बालविवाह गर्ने गराउनेलाइ के कस्तो सजायको व्यवस्था रहेको छ? भनि जिज्ञासा राख्नु भएको थियो ।

ख) प्र.अ.पदम बहादुर वलीः- विद्यालयमा पढ्ने समुहका विद्यार्थीहरु लागू दर्व्यसनीमा फसेको देखिन्छ। यसलाइ निराकरण गर्न के कस्तो कानूनी व्यवस्था रहेको छ भनि जिज्ञासा राख्नु भएको थियो।

ग) सुष्मा भण्डारीः- कानूनी प्रक्रिया झनझटिलो भएकाले गाँउ घरमा अपराध हुदा पनि मानिस पीडित उजुरी दिन मान्ने अवस्था देखिदैन तसर्थ सरल सहज रुपमा पीडित कानूनी उपचारमा जान के गर्नुपर्छ भनि जिज्ञासा राख्नु भएको थियो।

घ) देवनारायण भण्डारीः-मुद्दाका साक्षीले अनुसन्धानमा गरेको कागज बेहोरा फरक पर्ने गरी अदालतमा बकपत्र गर्ने गर्छन यसले मुद्दाको प्रक्रियामा कस्तो प्रभाव पार्छ? भनि जिज्ञासा राख्नु भएको थियो।

निमित्त सह-न्यायाधिवक्ता

ङ) होताराम बस्नेतः- मुद्दाको अनुसन्धानदेखि फैसला हुदाँसम्म राजनीतिक दबाव रहन्छ कि रहदैन भनि जिज्ञासा राखु भएको थियो।

छलफलका क्रममा सहभागीहरुबाट उठेका उपरोक्त जिज्ञासाहरु निमित्त सहन्यायाधिवक्ता श्री जय प्रसाद धितालज्यूबाट सम्बोधन भएको थियो।

१०. **मुख्य उपलब्धीहरुः-**

क) सरकारी वकील कार्यालयहरुको संगठनात्मक संरचना र सरकारी वकील कार्यालयबाट सम्पादन हुने काम कारवाही सम्बन्धमा विद्यार्थिहरुले जानकारी प्राप्त गरेको ।

ख) सरकार वादी फौजदारी मुद्दा भनेको के हो, यस सम्बन्धी नेपालमा के कस्तो कानूनी व्यवस्था रहेको छ,अनुसन्धान र अभियोजनमा सरकारी वकीलको भुमिका के हुन्छ, न्यायिक प्रक्रियामा समुदायको भुमिका के हुन्छ भन्ने सम्वन्धमा विद्यार्थिहरुले जानकारी प्राप्त गरेको ।

११. **सहभागि विद्यार्थिहरुको सुझावः** यस प्रकारको कार्यक्रमबाट आफुहरुले सरकारवादी फौजदारी मुद्दामा सरकारी वकीलले खुल्ने भुमिका र सरकारी वकील कार्यालय सम्बन्धी जानकारी प्राप्त गरेको र यस्तो कार्यक्रम समय समयमा विद्यालयहरुमा निरन्तर रुपमा संचालन गर्नु आवश्यक रहेको भन्ने सुझाव प्राप्त भएको ।

१२. **बिद्यालयका प्रधानध्यापकको सुझावः-** बिद्यालयमा यस किसिमको प्रभावकारी कार्यक्रम समय समयमा भएमा बिद्यालयका बिद्यार्थीहरु लगायत बिद्यालय परिवार कानूनका बिषयमा जानकारी हुने र यसले न्यायिक प्रक्रियामा थप सहयोग पुग्न अपेक्षा सहित आगामी दिनमा समेत यस्ता कार्यक्रममा निम्ती आवश्यक सहयोग र समन्वयको लागि तयार रहेको भनि सुझाव राखु भएको।

१३. **आयोजकको अनुभवः**

क) विद्यालय स्तरमा यस्तो प्रकारको कार्यक्रम संचालन गर्दा विद्यार्थिहरु निकै उत्साहित र जिज्ञासु भएर सहभागि भएको ।

ख) विद्यालय स्तरमा यस्तो कार्यक्रमहरु संचालन गर्दा विद्यार्थिहरुमा केही कानूनी ज्ञान आर्जन हुने र यसले समाजमा हुने घटना निराकरण र न्यायकि प्रक्रियामा सहयोग पुग्ने भएकोले यस्तो कार्यक्रमलाई निरन्तरता दिनु आवश्यक भएको ।

<u>संलग्न अनुसूचिहरुः</u>

क) कार्यक्रम तालिका
ख) प्रस्तुत भएका कार्यक्रम
ग) सहभागीहरुको नामावली
घ) अन्य

संयोजकः- जय प्रसाद धिताल
निमित्त सहन्यायाधिवक्ता

सह-संयोजकः-मन्जु बुढाथोकी
सहायक न्यायाधिवक्ता

प्रतिवेदकः
(गोविन्द थापा)
नायब सुब्बा